केदारस्युँगाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दुधरा, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः०७८।०७९
चलानी नं.

मिति : २०७९।०४।०८

## सूचना !     सूचना !     सूचना !

**बिषय : वैदेशिक रोजगार बोर्डको आर्थिक सहायताका लागि सहजिकरण गरिने सम्बन्धमा ।**

श्री वडा कार्यलय सबै (१ देखी ९)
केदारस्युँ गाउँपालिका ।

प्रस्तुत विषयमा वैदेशिक रोजगार नियमावली २०६४ (पाचौं संशोधन) मा व्यवस्था भए अनुसार श्रम स्वीकृति लिइ वैदेशिक रोजगारीमा गएको कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको एक वर्षभित्र कुनै कारणले मृत्यु , अङ्गभङ्ग वा गम्भीर बिरामी भएमा घटना घटेको मितिले एक बर्षभित्र वैदेशिक रोजगार बोर्डबाट नियमअनुसारको आर्थिक सहायता वा क्षतिपूर्तिको लागि यस केदारस्युँ गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत निवेदन दिन सकिने व्यवस्था रहेको जानकारी लागि अनुरोध छ । वैदेशिक रोजगार कल्याणकारी सूचना व्यवस्थापन प्रणाली मार्फत तपसिलका सेवा लीनका लागि सहजिकरण गर्न सकिने व्यवस्था रहेको समेत जानकारीका लागि अनुरोध छ ।

<u>तपसिल</u>

१. श्रमिकको परिवारले पाउने स्वास्थ्य उपचार खर्च
२.श्रमिकको मृत्यु , अङ्गभङ्ग वा गम्भीर बिरामी भएमा प्राप्त गर्ने आर्थिक सहायता
३.अलपत्र शव नेपाल झिकाउने तथा नेपालभित्र नि :शुल्क ढुवानी
४. वैदेशिक रोजगारी सम्बन्धी प्रामर्श सेवा

Padamraj
...........
पदमराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

पदमराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत



CamScanner